बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P. O. BOX 2172, KATHMANDU, NEPAL
TEL : 4810818, 4810989, 4811057
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np

मिति :- २०६४।०४।३०

परिपत्र ८ (०६४।०६५) च.नं. ५४१-५४६

विषय:- जीवन बीमालेखको सम्पुष्टि बारे ।

बीमा नियमावली, २०४९ को नियम ४ को उप-नियम (३) मा जीवन बीमालेखको शर्त सुविधा यस समितिबाट तोकिए बमोजिम हुने व्यवस्था भएको व्यहोरा तहाँ अवगतै छ ।

उपर्युक्त सम्बन्धमा बीमालेख जारी गर्दा वा बीमा अवधिको बीचमा बीमालेखको प्रावधानलाई थपघट गर्न जारी गरिने सम्पुष्टिहरु बीमालेखकै अंग हुने भएकोले बीमकबाट जारी गरिने सम्पुष्टि सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन बीमा ऐन, २०४९ को दफा ८ (घ२) को व्यवस्था बमोजिम यो निर्देशन जारी गरिएको छ ।

१. बीमालेखसंग संलग्न गरिने सम्पुष्टिहरु प्रचलनमा ल्याउनु पूर्व यस समितिको स्वीकृति लिनु हुन ।
   पूनश्चः- यस समितिबाट स्वीकृति नभएका सम्पुष्टिहरु प्रचलनमा ल्याइएको भए स्वीकृतिका लागि यो पत्र प्राप्त मितिले पन्ध्र (१५) दिन भित्र यस समितिमा पेश गर्नु हुन ।
२. जारी सम्पुष्टिमा त्यस्तो सम्पुष्टि जारी गर्ने अधिकारीको हस्ताक्षर सहित नाम, थर, पद, कार्यालयको छाप र जारी मिति समेत खुलाउने व्यवस्था गर्नु गराउनु हुन ।
३. सम्पुष्टि जारी गरिएको व्यहोरा मूल बीमालेखमा जनाउने व्यवस्था गर्नु गराउनु हुन ।

(शेखर कुमार अर्याल)
उप-निर्देशक

(१) श्री राष्ट्रिय बीमा संस्थान
(२) श्री नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड ।
(३) श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(४) श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड ।
(५) श्री अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी (ALICO) ।

बोधार्थः-
श्री अर्थ मन्त्रालय,
आ.का.वि. तथा नी.वि. महाशाखा,
सिंहदरबार, काठमाडौं ।

03/05/064

C:\Documents and Settings\beema\My Documents\Parepatra Ko File.doc

064-05-03